सिलीचोङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयद्वारा प्रकाशित

# स्थानीय राजपत्र

**खण्डः ४, संख्याः २, भागः २**

**सिलीचोङ गाउँपालिका**

**ताम्कु सङ्खुवासभा।**

## सिलीचोङ गाउँपालिका जलश्रोत तथा मुहान दर्ता सम्बन्धी कार्यविधि, २०७७

कार्यपालिका बैठकबाट स्वीकृत मितिः २०७७।०४।०६

सिलीचोङ गाउँपालिका भित्रको भू-सतहमा वा भूमिगत वा अन्य कुनै अवस्थामा रहेको जलश्रोतको समुचित उपयोग, संरक्षण, व्यवस्थापन र विकास गर्न एवम् जलश्रोतको लाभदायक उपयोगहरुको निर्धारण गर्ने त्यस्तो उपयोगबाट हुने वातावरणीय तथा अन्य हानीकारक प्रभावको रोगथाम गर्ने एवम् जलश्रोतलाई प्रदूषणमुक्त राखी समुचित प्रयोग गर्न बाञ्छनीय भएकोले सिलीचोङ गाउँ कार्यपालिकाले यो कार्यविधि जारी गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम “सिलीचोङ गाउँपालिका जलश्रोत तथा मुहान दर्ता सम्बन्धी कार्यविधि २०७७” रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) **"जलस्रोत"** भन्नाले गाउँभित्रको भू-सतहमा वा भूमिगत वा अन्य जुनसुकै अवस्थामा रहेको पानी सम्झनुपर्छ ।

(ख) **"लाभदायक उपयोग"** भन्नाले उपलब्ध साधन र श्रोतले भ्याएसम्म उचित रुपले गरिएको जलश्रोतको उपयोग सम्झनुपर्छ ।

(ग) **"अनुमतिपत्र प्राप्त व्यक्ति"** भन्नाले जलश्रोतको उपयोग गर्ने दफा ८ बमोजिम अनुमति पत्र प्राप्त व्यक्ति वा सङ्गठित संस्था सम्झनुपर्छ ।

(घ) **"उपभोक्ता संस्था"** भन्नाले दफा ५ बमोजिम गठित जल उपभोक्ता संस्था सम्झनुपर्छ ।

(ङ) **"गाउँ जलश्रोत समिति"** भन्नाले दफा ९ बमोजिम गठित समिति सम्झनुपर्छ ।

(च) **"अनुमति पत्र"** भन्नाले दफा १५ बमोजिम दिइने अनुमति पत्र सम्झनुपर्छ ।

(छ) **"सर्वेक्षण"** भन्नाले जलश्रोत उपयोगका लागि गरिने विस्तृत सम्भाव्यता अध्ययन, प्रारम्भिक वातावरणीय परीक्षण, वातावरणीय प्रभाव मूल्याङ्कन, डिजाईन र त्यसका लागि गरिने अन्वेषण सम्बन्धी कार्य सम्झनुपर्छ ।

(ज) **"उपभोक्ता"** भन्नाले सम्बन्धित सेवा प्रयोग तथा उपभोग गर्ने व्यक्ति सम्झनुपर्छ ।

(झ) **"सेवा शुल्क"** भन्नाले गाउँपालिका वा अधिकार प्राप्त व्यक्तिले उपलब्ध गराएको जलश्रोतसँग सम्बन्धित सेवा उपभोग गरेबापत उपभोक्ताले बुझाउनुपर्ने शुल्क सम्झनुपर्छ ।

(ञ) **"गाउँपालिका"** भन्नाले सिलीचोङ गाउँपालिकालाई सम्झनुपर्छ ।

(ट) **"अध्यक्ष"** भन्नाले सिलीचोङ गाउँपालिकाको अध्यक्षलाई सम्झनुपर्छ ।

(ठ) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

**३. जलश्रोत स्वामित्वः** गाउँपालिका भित्र रहेको जलश्रोतको स्वामित्व गाउँपालिकामा निहीत रहनेछ ।

**४. जलश्रोत उपयोगः** (१) कार्यविधि बमोजिम अनुमतिपत्र प्राम्त नगरी कसैले पनि जलश्रोतको उपयोग गर्न पाउने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि देहाय बमोजिम जलश्रोतको उपयोग गर्न अनुमतिपत्र लिनुपर्ने छैन ।

सिलीचोङ गाउँपालिका

(क) व्यक्तिगत वा सामुहिक रुपमा आफ्नो निमित्त खानेपानी र अन्य घरेलु प्रयोगको लागि उपयोग गर्न,

(ख) व्यक्तिगत वा सामुहिक रुपमा आफ्नो जग्गाको सिंचाई गर्न,

(ग) घरेलु उद्योगको रुपमा पानीघट्ट वा पानीचक्की चलाउन,

(घ) व्यक्तिगत रुपमा स्थानीय आवागमनको लागि ढुङ्गाको प्रयोग गर्न,

(ङ) जग्गाधनीले आफ्नो जग्गाभित्र मात्र सीमित रहेको जलश्रोत नियमानुसार उपयोग गर्न ।

(३) जलश्रोतको उपयोग गर्ने व्यक्ति वा संगठित संस्थाले अरुलाई मर्का नपर्नेगरी लाभदायक उपयोग गर्नुपर्नेछ ।

**५. जल उपभोक्ता संस्थाको गठनः** (१) सामुहिक लाभका लागि संस्थागत रुपमा जलश्रोतको उपयोग गर्न चाहने व्यक्तिहरुले पदाधिकारी तथा सदस्य समेत गरी कम्तीमा सात जना भएको उपभोक्ता संस्था गठन गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिम उपभोक्ता संस्था गठन गरी दर्ता गराउन चाहने सम्बन्धित उपभोक्ताहरु मध्येबाट कम्तीमा सात जना उपभोक्ताहरुले अनुसूची १ बमोजिमको ढाँचामा उपभोक्ता संस्थाको एकप्रति विधान र एक हजार रुपैंया दस्तुर सहित गाउँ जलश्रोत समिति समक्ष दरखास्त दिनुपर्नेछ ।

**६. विधानमा खुलाउनुपर्ने विवरणहरुः** दफा ५ बमोजिम पेश गर्नुपर्ने उपभोक्ता संस्थाको विधानमा संस्था सम्बन्धी देहायका विवरणहरु खुलाउनु पर्नेछ ।

(क) पूरा नाम र ठेगाना,

(ख) उद्धेश्य तथा कार्यक्षेत्र,

(ग) सदस्यको लागि योग्यता र सदस्यता शुल्क,

(घ) सदस्यको निष्काशन र राजीनामा,

(ङ) हक दावी, नामासारी वा हकवालाको मनोनयन,

(च) साधारण सभा सम्बन्धी,

(छ) सञ्चालक समितिको गठन (निर्वाचन एवम् काम, कर्तव्य र अधिकार)

(ज) सञ्चालक पदमा वहाल रहन नसक्ने अवस्था,

(झ) सञ्चालक समितिको बैठक सम्बन्धी कार्यविधि,

(ञ) कोष र लेखापरिक्षण,

(ट) विधान संसोधन,

(ठ) विगठन,

(ड) विविध ।

**७. दर्ता र प्रमाणपत्रः** (१) दफा ५ बमोजिम पर्न आएको दरखास्त उपर गाउँ जलश्रोत समितिले आवश्यक जाँचबुझ गरी उपभोक्ता संस्था दर्ता गर्न उपयुक्त देखेमा दर्ता गरी अनुसूची-२ बमोजिमको ढाँचामा उपभोक्ता संस्था दर्ताको प्रमाणपत्र दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम कुनै उपभोक्ता संस्था दर्ता उपयुक्त नदेखेमा गाउँ जलश्रोत समितिले सोको स्पष्ट कारण खोली दरखास्तवालालाई दरखास्त परेको मितिले तीस दिनभित्र सो कुराको सूचना दिनु पर्नेछ ।

(३) यो कार्यविधि प्रारम्भ हुनु अगाबै प्रचलित कानून बमोजिम दर्ता भएका उपभोक्ता संस्थाहरु यसै कार्यविधि बमोजिम भएका मानिनेछन् ।

**८. विधान संसोधनः** उपभोक्ता समूहले आफ्नो विधान संसोधन गर्नु परेमा विधानको प्रक्रिया पूरा गरी तयार गरिएको विधानको मस्यौदा गउँ जलश्रोत समितिमा पेश गर्नु पर्नेछ र समितिले तत् सम्बन्धमा आवश्यक जाँचबुझ गरी विधान संसोधन गर्न स्वीकृति दिन सक्नेछ ।

**९. गाउँ जलश्रोत समितिको गठनः** (१) गाउँपालिका भित्र रहेको जलश्रोतको उपयोगको लागि अनुमति पत्र प्रदान गर्ने प्रयोजनको लागि गाउँ जलश्रोत समिति रहनेछ ।

(२) गाउँ जलश्रोत समितिमा देहायका अध्यक्ष र सदस्यहरु रहनेछन् :

(क) गाउँ पालिका अध्यक्ष - अध्यक्ष

(ख) जलश्रोत दर्ता गर्ने वडाको वडा अध्यक्ष - सदस्य

(ग) वन डिभिजन कार्यालय सङ्खुवासभाको प्रतिनिधि - सदस्य

(घ) गाउँपालिकाको पूर्वाधार विकास शाखा प्रमुख - सदस्य

(ङ) गाउँपालिकाको कृषि शाखा प्रमुख -सदस्य

(च) अध्यक्षले तोकेको गाउँपालिकाको सदस्य - सदस्य

(छ) प्रमुख प्रशासकीय अधिकृत - सदस्य सचिव

**१०. <u>जलश्रोत समितिको बैठक र कार्यविधिः</u>** (१) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा आवश्यकता अनुसार बस्नेछ ।

(२) बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ । नीजको अनुपस्थितिमा सदस्यहरु मध्ये जेष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ । बैठकको निर्णय सदस्य सचिवले प्रमाणित गर्नेछ ।

(३) बैठक सञ्चालनको कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(४) बैठकमा आवश्यकता अनुसार अन्य व्यक्तिलाई आमन्त्रण गर्न सकिने छ ।

(५) बैठकमा सहभागीहरुलाई रु. १०००।- बैठक भत्ता उपलब्ध गराईने छ । तर महिनामा एउटा भन्दा बढी बैठकको बैठक भत्ता दिइने छैन । साथै एउटा बैठकमा ३ जना भन्दा बढी आमन्त्रित सदस्यलाई बैठक भत्ता दिइने छैन ।

**११. <u>जलश्रोत उपयोगको सर्वेक्षण अनुमतिपत्रको दरखास्त दिनेः</u>** (१) जलश्रोत उपयोगको सर्वेक्षण अनुमतिपत्र लिन चाहने व्यक्ति वा संगठित संस्थाले अनुसूची ३ बमोजिमको ढाँचामा विस्तृत विवरण खुलाई गाउँ जलश्रोत समिति समक्ष निवेदन दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम दरखास्त परेपछि समितिमा पेश भएको निवेदन जाँचबुझ गर्ने पर्नेछ ।

(३) उपदफा (२) बमोजिम जाँचबुझ गर्दा उपयुक्त देखिएमा समितिले जलश्रोत उपयोगको सर्वेक्षण अनुमति पत्र दिनुपर्नेछ । यसरी अनुमति प्राप्त गरेको व्यक्तिले सर्वेक्षणको काम समाप्त गरेको मितिले तीस दिनभित्र प्रतिवेदन गाउँ जलश्रोत समिति समक्ष पेश गर्नु पर्नेछ ।

**१२. <u>जलश्रोत उपयोग अनुमतिपत्रको दरखास्त दिनेः</u>** (१) जलश्रोतको उपयोग गर्न चाहने व्यक्ति वा संगठित संस्थाले अनुसूची-४ बमोजिमको ढाँचामा प्रस्तावित परियोजनासँग सम्बन्धित देहायको विवरणहरु खुलाई गाउँ जलश्रोत समिति समक्ष दरखास्त फारम दिनु पर्नेछ ।

क. परियोजना विस्तृत विवरण परियोजना स्थलको नक्शा, उपोग गरिने पानीको श्रोत, परियोजना सम्पन्न गर्न लाग्ने अनुमानित समय, लागत, परियोजानाको सहभागीहरुको नाम र तिनीहरुको संलग्नताको किसिम, परियोजनामा अन्तिम स्वामित्व रहने व्यक्ति वा संगठन संस्था तथा त्यस्तो संस्थाका संचालकहरुको नाम, थर, वतन समेत स्पष्ट खुलाउनु पर्छ ।

ख. सम्भाव्यताको विश्लेषण (परियोजनाको विस्तृत नक्शा सहितको प्राविधिक विवरण तथा आर्थिक विश्लेषण र उपभोक्तहरुको विवरण),

ग. वित्तीय व्यवस्था (परियोजनको अनुमानित वित्तीय व्यवस्था, परियोजनाको लगानीकर्ताहरुको आर्थिक हैसियत, परियोजनामा प्रत्यक्ष रुपले सहभागी हुने वित्तीय संस्थाहरो प्रतिवद्धता र लगानीकर्ताहरुको दायित्व तथा शेयर पूँजी र ऋणको प्रतिशत),

घ. घर जग्गाको उपयोग वा प्राप्ती (परियोजना निर्माण कार्यको लागि स्थायी वा अस्थायी तवरबाट उपयोग वा प्राप्तीको लागि चाहिने सरकारी वा गैर सरकारी जग्गाको कुल क्षेत्रफल र जग्गाधनीहरुको लागत),

ङ. वातावरणीय प्रभाव विश्लेषण (परियोजनाले वातावरणमा पार्ने उल्लेखनीय प्रतिकूल प्रभावलाई न्यूनतम गर्न अपनाउने उपायहरु तथा जलश्रोतमा रहने जलचर एबम् जल वातावरण संरक्षणको लागि अपनाउने उपायहरु, परियोजनाका सम्बन्धित क्षेत्रमा पार्न सक्ने सामाजिक तथा आर्थिक प्रभावको अतिरिक्त विद्यमान स्थानीय श्रम तथा श्रोत र साधनको उपयोग, परियोजना सम्बन्धी कार्य पूरा भएपछि त्यस क्षेत्रका व्यक्तिहरुले पाउने लाभ, निर्माण तथा सञ्चालन सम्भार सम्बन्धमा स्थानीय जनतालाई दिइने तालिम, निर्माण शिविरको लागि आवश्यक पर्ने सुविधाहरु, सुरक्षात्मक व्यवस्थाहरु तथा परियोजना सञ्चालनबाट सम्बन्धित जग्गाधनीहरुलाई पर्न सक्ने असर, विस्थापित जनसंख्याको लगत र तिनीहरुको पुर्नासो लागि अपनाउने आवश्यक व्यवस्था समेत स्पष्ट रुपमा खुलाउनु पर्छ ।

**१३. <u>दरखास्त उपर जाँचबुझः</u>** (१) दफा १२ बमोजिम दरखास्त प्राप्त भएपछि यस कार्यविधि बमोजिम दरखास्तसाथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु, विवरण वा प्रतिवेदन पेश गरे नगरेको सम्बन्धमा गाउँ जलश्रोत समितिले आवश्यक जाँचबुझ गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम जाँचबुझ दर्ता दरखास्तवालाले दरखास्तसाथ पेश गर्नु पर्ने कुनै कागजात, विवरण वा प्रतिवेदन पेश गरेको रहेनछ भने व्यस्तो कागजात, विवरण वा प्रतिवेदन पेश गर्न गाउँ जलश्रोत समितिले सम्बन्धित दरखास्तवालालाई मुनसिब माफिकको म्याद तोकी दरखास्त दर्ता भएको मितिले तीस दिनभित्र सो कुराको सूचना दिनु पर्नेछ ।

(३) दफा (२) बमोजिम कुनै कागजात, विवरण वा प्रतिवेदन पेश गर्न गाउँ जलश्रोत समितिले म्याद तोकी सूचना दिएकोमा जुन मितिमा त्यस्तो कागजात प्राप्त हुन आउँछ सोही मितिलाई दरखास्त परेको मिति मानिनेछ ।

**१४. <u>सार्वजनिक सूचना प्रकाशित गर्नुपर्नेः</u>** (१) दफा १२ बमोजिम जलश्रोतको उपयोगको अनुमतिपत्रको लागि दरखास्त परेपछि गाउँ जलश्रोत समितिले दफा १३ बमोजिम आवश्यक जाँचबुझ गरी तत्सम्बन्धी विवरणहरु खुलाई सार्वजनिक जानकारीको लागि सूचना प्रकाशित गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सूचना प्रकाशित भएपछि जलश्रोतको उपयोगसित सम्बन्धित परियोजनाको निर्माण तथा संचालन गर्दा कुनै उल्लेखनीय प्रतिकूल असर पर्ने भएमा तत्सम्बन्धी विवरणहरु खुलाई सूचना प्रकाशित भएको मितिले पन्ध्रै दिन भित्र गाउँ जलश्रोत समिति समक्ष जो सुकैले पनि मन्तव्य दिन सक्नेछ ।

(३) दफा (२) बमोजिम प्राप्त हुन आएको प्रतिक्रिया समेतलाई बिचार गरी गाउँ जलश्रोत समितिले त्यस्तो उल्लेखनीय प्रतिकूल असर न्यूनतम गर्ने सम्बन्धमा सम्बन्धित दरखास्तवालाले पालना गर्नुपर्ने कुराहरु अनुमतिपत्र दिंदा तोकी दिनेछ ।

**१५. अनुमतिपत्र दिनेः** दफा १२ बमोजिम दरखास्त उपर दफा १३ र १४ बमोजिम कार्यविधि पूरागरी गराई गाउँ जलश्रोत समितिले दरखास्तवालाको माग बमोजिम वा आवश्यक भए संशोधन समेत गरी अनुसूची ५ बमोजिमको ढाँचामा दरखास्तवालालाई जलश्रोतको उपयोग सम्बन्धी अनुमतिपत्र दिनुपर्नेछ ।

**१६. जलश्रोत माथि अधिकार कायम हुनेः** यस कार्यविधि बमोजिम जलश्रोतको उपयोग सम्बन्धी कार्य सञ्चालन गर्न अनुमतिपत्र प्राप्त व्यक्तिलाई अनुमतिपत्रमा उल्लेख भए बमोजिम कामको लागि सोही अनुमतिपत्रमा तोकिएको स्थान र क्षेत्र सम्मको जलश्रोत उपयोग गर्ने अधिकार प्राप्त हुनेछ ।

**१७. नयाँ अनुमतिपत्र लिनुपर्नेः** (१) कार्यविधि प्रारम्भ हुन अगावै देखि जलश्रोतको उपयोग गरिरहेको व्यक्ति वा संगठन संस्थाले पनि दफा १२ मा उल्लेखित विवरणहरु खुलाई कार्यविधि प्रारम्भ भएको मितिले १ वर्ष भित्र गाउँ जलश्रोत उपयोग अनुमतिपत्रको लागि दरखास्त दिनेछ ।

(२) उपदफा (१०) बमोजिम पर्न आएको दरखास्त उपर सम्बन्धित गाउँ जलश्रोत समितिले आवश्यक जाँचबुझ गरी दरखास्तवालालाई अनुसूची-६ बमोजिमको ढाँचामा अनुपतिपत्र दिनेछ ।

**१८. अनुमति पत्र दस्तुरः** यो कार्यविधि बमोजिमको जलश्रोत उपयोग सम्बन्धी कार्य सञ्चालन गर्न अनुमतिपत्रको लागि दरखास्त दिंदा अनुसूची-८ मा तोकिए बमोजिमको अनुमतिपत्र दस्तुर बुझाउनु पर्नेछ ।

**१९. अनुमतिपत्र नवीकरण गर्नेः** (१) यो कार्यविधि बमोजिम जलश्रोतको सर्वेक्षण वा उपयोगको लागि अनुमतिपत्रमा उल्लेखित अवधि समाप्त हुनु अगाबै अर्को अवधिको लागि अनुमतिपत्र नवीकरण गर्नु पर्नेछ ।

(२) प्रत्येक अनुमतिपत्र नवीकरण गराउँदा अनुसूची-७ मा तोकिएको दस्तुरको ५० प्रतिशत नवीकरण दस्तुर लाग्नेछ ।

**२०. अनुमतिपत्र बिक्री वा हस्तान्तरण गर्न स्वीकृति लिनुपर्नेः** (१) अनुमतिपत्र प्राप्त व्यक्तिले आफ्नो अनुमति पत्र बिक्री गर्न वा अन्य कुनै प्रकारले कसैलाई हस्तान्तरण गर्नु परेमा गाउँ जलश्रोत समिति समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त भएको निवेदन उपर गाउँ जलश्रोत समितिले आवश्यक जाँचबुझ गरी दरखास्तवालाको नाममा रहेको अनुमतिपत्र अन्य व्यक्ति वा संगठित संस्थाको नाममा बिक्री गर्न वा अन्य कुनै प्रकारले हस्तान्तरण गर्न स्वीकृति दिन सक्नेछ ।

२१. **बार्षिक शुल्कः** अनुमति प्राप्त व्यक्तिले जलश्रोतको उपयोग गरी अन्य व्यक्तिहरुलाई व्यापारिक प्रयोननको लागि स्वामित्व उपलब्ध गराए बापत गाउँपालिकालाई बुझाउनु पर्ने बार्षिक शुल्क अनुसूची-५ मा तोकिए बमोजिम हुनेछ ।

२२. **गाउँपालिकाले निर्देशन दिन सक्नेः** गाउँपालिकाले जलश्रोत उपयोग सम्बन्धमा गाउँ जलश्रोत समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ । त्यस्तो निर्देशनको पालना गर्नु गाउँ जलश्रोत समितिको कर्तव्य हुनेछ ।

२३. **अनुसूचीमा हेरफेर वा थपघट गर्नुपर्नेः** गाउँ कार्यपालिकाले निर्णय गरी यस कार्यविधिको अनुसूचीमा आवश्यकता अनुसार हेरफेर वा थपघट गर्न सक्नेछ ।

सिलीचोङ गाउँपालिका

**अनुसूची-१**
**(दफा ५ को उपदफा (२) बमोजिम**

**निवेदनको ढाँचा**

श्रीमान अध्यक्ष ज्यू,

................................गाउँ जलश्रोत समिति

...........................................................

विषयः ...........................................................

महोदय,

हामीले ...................................................................उपभोक्ता संस्था गठन गरी दर्ता गराउन चाहेको हुँदा प्रचलित नियम अनुसार उपभोक्ता संस्था दर्ता गराउन देहायको विवरण खुलाई प्रस्तावित उपभोक्ता संस्थाको एक प्रति विधान र .........../- रुपैंया दस्तुर सहित दरखास्त दिएका छौं ।

विवरणः

१. उपभोक्ता संस्थाको नामः

२. कार्य क्षेत्रः

३. उद्धेश्यहरुः

(क)

(ख)

४. सदस्यहरुको नाम, ठेगाना, पेशाः

(क)

(ख)

(ग)

(घ)

सिलीचोङ गाउँपालिका

५. उपयोग गरिने जलश्रोतको विवरणः

(क) जलश्रोतको नाम र रहेको ठाउँः

(ख) जलश्रोतबाट गरिने प्रयोगः

(ग) उपभोक्ता संस्थाले उपयोग गर्न चाहेको जलश्रोतको परिणामः

(घ) उक्त जलश्रोतको हाल भैरहेको उपयोगः

६. उपभोक्ता संस्थाले पुऱ्याउन चाहेको सेवा सम्बन्धी विवरणः

(क) सेवाको किसिमः

(ख) सेवा पुऱ्याउने क्षेत्रः

(ग) सेवाबाट लाभान्वित हुने उपभोक्ताहरुको संख्याः

(घ) भविष्यमा सेवा विस्तार गर्न सकिने संभावनाः

७. आर्थिक श्रोतको विवरणः

८. कार्यालयको ठेगानाः

निवेदक,

उपभोक्ता संस्थाको तर्फबाट दरखास्त दिनेको

सहीः

नामः

पदः

ठेगानाः

सिलीचोङ गाउँपालिका

## अनुसूची-२

**(दफा ७ को उपदफा (१) बमोजिम**

**सिलीचोङ गाउँपालिका**
**गाउँ जलश्रोत समिति**
**ताम्कू सङ्खुवासभा**

दर्ता मितिः

दर्ता नं. मितिः.......................

श्री.................................
.....................................
.....................................

**उपभोक्ता संस्था दर्ता प्रमाणपत्र**

..........................................(सम्बन्धित उपमोक्ता संस्थाको नाम) लाई सिलीचोङ गाउँ कार्यपालिकाको बैठक सङ्ख्या .......... मिति ............/../... को निर्णय नं. ... यस कार्यविधिको दफा ७ को उपदफा (१) बमोजिम यस कार्यालयमा दर्ता गरी यो दर्ता प्रमाणपत्र प्रदान गरिएको छ । गाउँपालिकाको निर्देशन तथा कार्यविधि बमोजिम कार्यक्रम सञ्चालन गर्नुहोला । संस्थाको कार्यक्षेत्र गाउँपालिकाको वडा नं. .... रहनेछ ।

सहीः

नाम, थरः

पदः

सिलीचोङ गाउँपालिका

## अनुसूची-३

जलश्रोत उपयोगको सर्वेक्षण अनुमतिपत्रको लागि दरखास्त

मितिः ..............................

श्रीमान अध्यक्ष ज्यू,

.......................गाउँ जलश्रोत समिति,

.................................................

जलश्रोत उपयोगको निमित्त सर्वेक्षण गर्नको लागि अनुमतिपत्र पाउन जलश्रोत दफा ..........बमोजिम देहायको विवरण खुलाई यो दरखास्त पेश गरेको छु ।

१. व्यक्ति वा संगठित संस्थाको नाम र ठेगानाः

२. उद्देश्यः

३. सर्वेक्षण गर्ने क्षेत्रः

४. सर्वेक्षण गर्न लाग्ने अनुमानित खर्च रु. ........

(पुष्ट्याई विवरण संलग्न गर्नु पर्नेछ)

५. सर्वेक्षण गर्ने अवधिः

६. अन्य विवरणहरु (जलश्रोत नियमावली, २०५० को नियम १२ बमोजिम)

माथि उल्लेखित व्यहोरा ठीक साँचो छ झुट्ठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

संगठित संस्था भए सो संस्थाको छाप सम्बन्धित व्यक्ति वा संगठित संस्थाको तर्फबाट दरखास्त दिनेको

नाम, थरः
सहीः
पदः

## अनुसूची-४
## जलश्रोतको उपयोगको सर्वेक्षण अनुमतिपत्र

**सिलीचोङ गाउँपालिका**
**गाउँ जलश्रोत समिति**
**ताम्कू सङ्खुवासभा**
अनुमतिपत्र सङ्ख्या

मितिः....................

श्री ..............................

...................................

महाशय,

तपाईंलाई जलश्रोतको उपयोगको सर्वेक्षण गर्न पाउने गरी देहायको विवरण खोली यस कार्यविधि बमोजिम यो अनुमतिपत्र प्रदान गरिएको छ ।

१. व्यक्ति वा संगठित संस्थाको पूरा नाम, ठेगानाः

२. जलश्रोत सर्वेक्षणकको उद्धेश्यः

३. जलश्रोत सर्वेक्षणको क्षेत्रः

४. सर्वेक्षण गर्ने अवधिः

५. अनुमतिपत्र बहाल रहने अवधिः

अनुमतिपत्र दिने अधिकारीको

नामः

सहीः

पदः

सिलीचोङ गाउँपालिका

## अनुसूची-५

(दफा १२ बमोजिम)

**जलस्रोतको उपयोगको अनुमतिपत्रको लीग दरखास्त**

**मितिः ........................**

श्री अध्यक्ष ज्यू,
.................. गाउँ जलश्रोत समिति
.............................................

जलश्रोतको उपयोगिताको निमित्त अनुमतिपत्र पाउनु मुहान दर्ता तथा जलश्रोत कार्यविधि २०७६ को दफा १२ बमोजिम देहायका विवरणहरु समेत खुलाई यो दरखास्त पेश गरेको छु।

१. व्यक्ति वा संगठित संस्थाको नाम र ठेगानाः
२. उद्धेश्यः
३. उपयोग गर्न खोजेको जलश्रोतको उपयोग परिमाण गर्ने प्रयोजनः
४. प्रस्तावित जलश्रोत उपयोग गर्ने ठाउँः
५. जलश्रोतको उपयोगबाट लाभ पुग्ने ठाउँको क्षेत्रफलः
६. प्रस्तावित उपयोगबाट हुन सक्ने सम्भावित लाभः
७. प्रस्तावित सेवाबाट लाभान्वित हुने उपभोक्ताहरुको सङ्ख्याः
८. जलश्रोतको उपयोगको लागि लाग्ने अनुमानित रकम र सोको श्रोतः
९. जलश्रोत उपयोग गर्ने तरिकाः
१०. जलश्रोतको हाल भैरहेको भविष्यमा हुनसक्ने उपयोगः
११. अन्य विवरणहरुः

माथि उल्लेखित व्यहोरा ठीक साँचो झुट्ठा ठहरेमा कानून बमोजिम सहुँला बुझाउँला ।

संगठित संस्था भए सो संस्थाको छाप

सम्बन्धित व्यक्ति वा संगठित संस्थाको तर्फबाट दरखास्त दिने व्यक्तिको
नाम, थरः
सहीः
पदः

मिलीगढ गाउँपालिका

## अनुसूची-६
## जलश्रोतको उपयोगको अनुमतिपत्र

सिलीचोङ गाउँपालिका
गाउँ जलश्रोत समिति
ताम्कू, सङखुवासभा
अनुमतिपत्र सङ्ख्या

मितिः ....................

श्री ..........................
..............................

महाशय,
तपाइलाई जलश्रोतको उपयोग गर्न पाउने गरी देहायको विवरण खोली मुहान दर्ता तथा जलश्रोत कार्यविधि २०७६ को बमोजिम यो अनुमतिपत्र प्रदान गरिएको छ ।

१. व्यक्ति वा संगठित संस्थाको नाम र ठेगाना:
२. जलश्रोत उपयोगको उद्धेश्य:
३. जलश्रोतको नाम, किसिम र रहेको स्थान:
४. उपयोग गर्न पाउने जलश्रोतको परिमाण:
५. जलश्रोत उपयोगको क्षेत्र:
६. जलश्रोत उपयोग गर्ने तरिका:
७. प्रस्तावित परियोजनाबाट लाभान्वित हुने उपभोक्ताहरुको संस्था:
८. अनुमतिपत्र वहाल रहने अवधि:

अनुमतिपत्र दिने अधिकारीको
नामः
सहीः

सिलीचोङ गाउँपालिका

## अनुसूची-७
## जलश्रोतको उपयोगको अनुमतिपत्र

सिलीचोङ गाउँपालिका
गाउँ जलश्रोत समिति
ताम्कू, सङखुवासभा
अनुमतिपत्र सङ्ख्या

मितिः ....................

श्री ..........................
..............................

महाशय,

तपाईले अनुमतिपत्र पाउन मिति......................मा दिनु भएको दरखास्त बमोजिम देहायको विवरणहरु खुलाई मुहान दर्ता तथा जलश्रोत कार्यविधि २०७६ को दफा बमोजिम यो अनुमतिपत्र प्रदान गरिएको छ ।

१. जलश्रोतको उपयोग गर्ने व्यक्ति वा संगठित संस्थाको नाम र ठेगानाः
२. जलश्रोतको उपयोगसँग सम्बन्धित परियोजनाको किसिमः
(प्रत्येक उपयोगसँग सम्बन्धित)
३. जलश्रोतको नाम र रहेको स्थानः
४. जलश्रोतको उपयोग भएको परिमाणः
५. जलश्रोत उपयोगबाट उपलब्ध गराइएको सेवा र त्यसको बिस्तार क्षेत्रः
अञ्चल..............................जिल्ला................................गाउँपालिका................................
६. उपभोक्ता संख्या र त्यसको किसिमः
७. सेवा उपलब्ध गराउन शुरु गरेको मितिः
८. अनुमतिपत्र वहाल रहने अवधिः
९. अन्य शर्तहरुः

अनुमतिपत्र दिने अधिकारीको
नामः
सहीः

सिलीचोङ गाउँपालिका

## अनुसूची-८
## जलश्रोतको उपयोग बापत बुझाउनु पर्ने बार्षिक शुल्क

१. सिंचाइको हकमा

(क) दुई हजार हेक्टर सम्मको जमिन सिंचाइ गर्न प्रति हेक्टर रु. एकका दरले अधिकतम रु. १०००/-

(ख) दुई हजार देखि पाँच हजार हेक्टर सम्मको जमिन सिंचाइ गर्न रु. २०००/-

(ग) पाँच हजार देखि दश हजार हेक्टर सम्मको जमिन सिंचाइ गर्न रु. ५०००/-

(घ) दश हजार देखि पन्ध्र हजार हेक्टर सम्मको जमिन सिंचाइ गर्न रु. १००००/-

(ङ) पन्ध्र हजार देखि बीस हजार हेक्टर सम्मको जमिन सिंचाइ गर्न रु. १५०००/-

(च) बीस हजार देखि पच्चीस हजार हेक्टर सम्मको जमिन सिंचाइ गर्न रु. २००००/-

(छ) पच्चीस हजार हेक्टर भन्दा बढी सिंचाइ गर्न रु. २५०००/-

२. खानेपानीको हकमा

(क) दुई हजार सम्मको जनसङ्ख्यालाई खानेपानीको व्यवस्था गर्न रु. ५००।-

(ख) दुई हजार देखि पाँच हजार सम्मको जनसङ्ख्यालाई खानेपानीको व्यवस्था गर्न रु. २०००।-

(ग) पाँच हजार देखि दश हजार सम्मको जनसङ्ख्यालाई खानेपानीको व्यवस्था गर्न रु. ५०००।-

(घ) दश हजार देखि पन्ध्र हजार सम्मको जनसङ्ख्यालाई खानेपानीको व्यवस्था गर्न रु. १००००।-

(ङ) पन्ध्र हजार देखि बीस हजार सम्मको जनसङ्ख्यालाई खानेपानीको व्यवस्था गर्न रु. १५०००।-

(च) बीस हजार देखि पच्चीस हजार सम्मको जनसङ्ख्यालाई खानेपानीको व्यवस्था गर्न रु. २००००।-

(छ) पच्चीस हजार भन्दा बढी जनसङ्ख्यालाई खानेपानीको व्यवस्था गर्न रु. २५०००।-

३. कृषिजन्य उपभोगको लागि रु. २०००।- देखि २००००।- सम्म पानी प्रयोगको परिमाणको आधारमा ।

४. घरेलु उद्योगको लागि रु. २०००।- देखि २००००।- सम्म पानी प्रयोगको परिमाणको आधारमा ।

५. औधोगिक व्यवसाय तथा खानीजन्य उपयोगका लागि ५०००।- देखि ५००००।- सम्म पानी प्रयोगको परिमाणको आधारमा ।

६. आमोद प्रमोद जन्य प्रयोगको लागि रु. १०००।- देखि १०००० ।- सम्म बार्षिक कारोबारको आधारमा ।

७. अन्य प्रयोगका लागि रु. ५०००।- देखि १००००।- सम्म बार्षिक कारोबारको आधारमा ।

सिलीचोङ गाउँपालिका

**<u>आज्ञाले,</u>**

रामराज पौडेल

प्रमुख प्रशासकीय अधिकृत